निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. Ref:

मितिः २०७८।१।१६

# प्रेस विज्ञप्ति

## राष्ट्रिय सभा सदस्य उपनिर्वाचन, २०७८

संवत् २०७८ साल जेठ ६ गते बिहीबारका दिन हुने बागमती प्रदेशको रिक्त राष्ट्रिय सभा सदस्य उपनिर्वाचनको प्रयोजनका लागि राजनीतिक दल दर्ता, निर्वाचन चिन्ह र क्रम निर्धारण तथा मतदाता नामावली प्रकाशन सम्बन्धमा आयोगले आज मिति २०७८ साल वैशाख १६ गते देहाय बमोजिम निर्णय गरेको छ ।

१. बागमती प्रदेशको रिक्त राष्ट्रिय सभा सदस्य उपनिर्वाचन प्रयोजनका लागि दल दर्ता हुन आएका नेपाल मजदुर किसान पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली काँग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) गरी जम्मा ५ (पाँच) राजनीतिक दलको नामावली राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४८ को उपदफा (३) बमोजिम नेपाल राजपत्रमा प्रकाशन गर्ने र दल दर्ता गर्ने राजनीतिक दललाई निर्वाचन चिन्ह निर्धारण गरी प्रदान गर्ने निर्णय गरेको छ । उक्त निर्णय अनुसार नेपाल कम्युनिष्ट पार्टी (एमाले) लाई सूर्य चिन्ह र क्रम १, नेपाली काँग्रेसलाई रुख चिन्ह क्रम २, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) लाई गोलाकार भित्र हँसिया हथौडा चिन्ह र क्रम ३, राष्ट्रिय प्रजातन्त्र पार्टीलाई हलो चिन्ह र क्रम ४ तथा नेपाल मजदुर किसान पार्टीलाई मादल चिन्ह र क्रम ५ को क्रममा मतपत्रमा समावेश गर्ने ।

२. राष्ट्रिय सभा सदस्य उपनिर्वाचनका लागि प्रदेश सभा सदस्य ११० जना र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख, उपप्रमुख २३८ जना गरी जम्मा ३४८ जना मतदाताको नाम समावेश गरी तयार गरिएको मतदाता नामावली स्वीकृत गर्ने र स्वीकृत भएको मतदाता नामावली मिति २०७८/१/२१ गते विहान ११.०० बजे निर्वाचन अधिकृतको कार्यालय, हेटौंडामा प्रकाशन गर्ने र प्रकाशित मतदाता नामावलीमा सोही दिनको विहान ११.०० बजे देखि बेलुकी ५.०० बजेसम्म नाम समावेश हुन छुटेको व्यक्तिले आफ्नो नाम समावेश गर्नको लागि दरखास्त दिने, मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिले आफ्नो नाम, थर, उमेर, पद आदि विवरण सच्याउन दरखास्त दिने, मतदाता नामावलीमा उल्लिखित मतदाताको विरोधमा उजूरी दिन सकिने व्यवस्था गरेको छ ।

यसरी तयार भएको नामावली आयोगको वेवसाईट www.election.gov.np समेत प्रकाशन गरिएको छ ।

०७८।१।१६
(राजकुमार श्रेष्ठ)
सहसचिव एवं प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np